Website: piukhotang.pmamp.gov.np
Email: pmamp.piu.khotang1@gmail.com
Phone: 036-420741

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
## कार्यक्रम कार्यान्वयन एकाइ, खोटाङ

# सूचीकृत हुन तथा प्रस्ताव आह्वान सम्बन्धि सूचना

**सूचना नं.-१**

**प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०२**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, खोटाङको आ.व. २०८३/८४ को स्वीकृत तपसिल बमोजिमका अनुदान कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले यस एकाइमा सूचीकृत रहेका वा सूचीकृत हुन चाहने ईच्छुक योग्य आवेदकहरु (कृषक समूह/कृषि सहकारी/समिति/कृषि फर्म तथा कम्पनी) ले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३०औं दिन अर्थात मिति २०८३/०५/३१ गते कार्यालय समयभित्र कार्यक्रम कार्यान्वयन एकाइ, दिक्तेल, खोटाङ वा जोन प्राविधिक एकाई, गाईघाट, उदयपुरमा सूचीकृत हुन तथा परियोजनाको निर्दिष्ट फर्मेट (परियोजना कार्यान्वयन म्यानुअल, २०७७ (पहिलो संशोधन २०८१) को अनुसूची १० बमोजिम) मा आवेदन सहितको प्रस्ताव पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| क्र. सं. | कार्यक्रमको नाम | एकाई | लक्ष्य | स्वीकृत बजेट रु. | अधिकतम अनुदान | कैफियत |
|---|---|---|---|---|---|---|
| **क)** | **तरकारी जोनः** *दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका- १, २, ३, ४, ६, १२ र १४/ साकेला गाँउपालीका- १ र २/ हलेसी तुवाचुङ नगरपालिका- ६ र ७* | | | | | |
| १ | स्थायी प्लाष्टिक घर निर्माण कार्यक्रम | संख्या | १२ | २४ लाख | (कार्यक्रमको नियमानुसार) | |
| | *सहयोग तथा सहजीकरणका लागि सम्पर्क- कृषि प्राविधिक श्री डाकेन्द्र बास्तोला (९८६५२५८५७०)* | | | | | |
| **ख)** | **बाख्रा जोन, खोटाङः** *दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका- ५, ७ र ९/ दिप्रुङ चुइचुम्मा गाँउपालीका- १, २ र ४/ हलेसी तुवाचुङ नगरपालिका- १, २, ४ र ११/ खोटेहाङ गाँउपालीका- ७ र ९* | | | | | |
| १ | बाख्राको आधुनिक खोर निर्माण सहयोग कार्यक्रम | संख्या | १५ | २२.१९ लाख | (कार्यक्रमको नियमानुसार) | |
| | *सहयोग तथा सहजीकरणका लागि सम्पर्क- पशु सेवा प्राविधिक श्री सञ्जिला राई (९८६२६९३६९०)/गोबिन्द खत्री राई (९७४८३२११०४)* | | | | | |
| **ग)** | **बाख्रा जोन, उदयपुरः** *त्रियुगा नगरपालिका- ५, ६, ७, ८, १४, १५ र १६/चौदण्डीगढी न.पा.- १, २ र ८/रौतामाई गाँउपालिका- ५, ६, ७ र ११/उदयपुरगढी गा.पा.- ७ र ८* | | | | | |
| १ | बाख्राको आधुनिक खोर निर्माण सहयोग कार्यक्रम | संख्या | २० | ३० लाख | (कार्यक्रमको नियमानुसार) | |
| | *सहयोग तथा सहजीकरणका लागि सम्पर्क- पशु सेवा प्राविधिक श्री लाल बहादुर वली (९७४५९०६७४२)* | | | | | |
| **घ)** | **खोटाङ र उदयपुर दुबै जिल्लाको लागिः** | | | | | |
| १ | चैते धानको क्षेत्रफल विस्तार कार्यक्रम | हेक्टर | १८० | २७ लाख | (कार्यक्रमको नियमानुसार) | |
| २ | चक्लावन्दीमा आधारित खेती मार्फत उत्पादन बृद्धिका लागि सहयोग कार्यक्रम | संख्या | ४ | ४० लाख | | |
| ३ | सिंचाइ पुर्बाधार निर्माण तथा मर्मत सम्भार कार्यक्रम | संख्या | ५ | ५ लाख | | चैतेधान खेती लाई प्राथमिकता |
| | *सहयोग तथा सहजीकरणका लागि सम्पर्क- कृषि अधिकृत श्री कृष्ण यादव (९८६१३६०३८१)*<br>***खोटाङ जिल्लाको लागिः** कृषि प्राविधिक श्री डाकेन्द्र बास्तोला (९८६५२५८५७०)*<br>***उदयपुर जिल्लाको लागिः** कृषि प्राविधिक श्री उत्तम पोखेल(९८५२८३५११८) वा श्री अजय कुमार यादव (९८४८०९३९१६) वा श्री राम बाबु दास (९८६५५०४२०२)* | | | | | |

"स्वदेशी उत्पादनमा लगानी,
आत्मनिर्भर कृषिको थालनी"

"Invest in Domestic Production,
Path to Self-Sufficiency"

दिपेन्द्र मनोहर चौधरी
वि. वरिष्ठ कृषि अधिकृत

Website: piukhotang.pmamp.gov.np
Email: pmamp.piu.khotang1@gmail.com
Phone: 036-420741

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, खोटाङ

**नोटः**

१. आवेदक जोन/कार्यक्रम लक्षित बाली/वस्तुको ब्यवसायिक रुपमा उत्पादन, प्रशोधन वा बजारीकरण सम्बन्धि कार्यमा प्रत्यक्ष संलग्न रहेको हुनु पर्नेछ।

२. बिगतका आ.व.हरुमा यस कार्यालयबाट सम्बन्धित कार्यक्षेत्र भित्रका अनुदान प्राप्त नगरेका तथा नयाँ आवेदकहरुलाई लाभग्राही छनौट प्रक्रियामा प्राथमिकता दिईनेछ।

३. सम्बन्धित शिर्षकमा यस भन्दा अघिल्ला आ.व.हरुमा अनुदान पाईसकेका आवेदकहरुको आवेदन तथा प्रस्तावना मूल्यांकन प्रक्रियामा समावेश गरिने छैन।

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः**

- यस एकाइको website: piukhotang.pmamp.gov.np मा राखिएको वा एकाइको दिक्तेल, खोटाङ वा गाईघाट, उदयपुरस्थित कार्यालयबाट प्राप्त गर्न सकिने कार्यक्रम विशेषको योजना माग फारममा उल्लेख भए बमोजिम।
- योजना माग फारममा उल्लेख भएका कागजातहरु पूर्ण रुपमा पेश नगरेको वा निवेदन तथा प्रस्तावना सहितको अनुसूची-१० बमोजिमको योजना माग फारममा माग भएका विवरणहरु पूर्ण रुपमा उपलब्ध नभएमा सम्बन्धित आवेदक संस्थाको प्रस्तावना मूल्यांकन प्रक्रियामा सहभागी गराईने छैन।
- सूचीकृत हुन, प्रस्तावना सहितको आवेदन दिन तथा कार्यलयको निर्दिष्ट फर्मेट (ढाँचा) मा तयार गरिएको आवेदन सहितको प्रस्तावना फारम (योजना माग फारम) यस एकाइको website: piukhotang.pmamp.gov.np बाट प्राप्त गर्न सकिनेछ। प्रस्तावना तयारीका लागि सहजीकरण आवश्यक भएमा खोटाङ तथा उदयपुर स्थित एकाइमा सम्पर्क राख्न समेत जानकारी गराईन्छ। थप सहयोग आवश्यक भएमा सम्पर्क नं. ९७४६३६१६९८ वा ९८५१२३६५९८ मा सम्पर्क गर्न सकिनेछ।

दिपेन्द्र मनोहर चौधरी
मि. वरिष्ठ कृषि अधिकृत
कार्यक्रम कार्यान्वयन एकाइ, खोटाङ